# ८ चर्चः परमेश्वरको पवित्र थलो जहाँ अरुको सेवाको निम्ति खटिन्छ

*यस अध्यायको निम्ति पढ्नुहोस्:* रोमी १६:५, १ कोरन्थी १:२, १ पत्रुस २:९, मत्ती २८:१९,२०, यूहन्ना १७:२१,२२, प्रेरित १५:१-२९।

*स्मरण गर्नुपर्ने पदः* "तिमीहरूकहाँ छिट्टै आउन मैले आशा गरेको छु। अहिले म तिमीहरूलाई यी निर्देशिकाहरू लेख्दैछु। कथंकदाचित तिमीहरूकहाँ म आउन सकिँन भने, परमेश्वरको परिवारमा कस्तो आचारण अपनाउनु पर्छ भनेर तिमीहरूले थाहा पाउन् भनेर म लेख्दै छु। परमेश्वरको परिवार भनेकै जीवित परमेश्वरको चर्च हो। यो सत्यको जग र मूल खम्बा हो।" (१ तिमोथी ३:१४,१५ रूपान्तरित)।

मूल सोचः "चर्च कमजोर र त्यसमा खोटहरू हुनसक्छ भनेर हामीले बुझ्नु पर्दछ। तर यस पृथ्वीमा ख्रीष्टले दिने उच्च सम्मान नै चर्च हो।" एलेन जी ह्वाइट, सेलेक्टेद मेसेजज्, बुक २, पृ. ३९६बाट रूपान्तरित।

धेरैको निम्ति चर्च अपेक्षा गरिएको जस्तो भएको देखिन्दैन न त पहिला जस्तो भएको देख्दछ। कतिपयले त चर्चबिनाको इसाई वा क्रिश्टियानिती हुनुपर्छ भनेर चर्चा पनि गरिरहेको हामी पाउँछौं। तर यस्तो अवधारणालाई बाइबलले समर्थन गर्दैन। मानिसहरू बराबर भेला भएर परमेश्वरको सेवा आराधना गरे भनेर बाइबलले बताउँदछ। त्यसकारण चर्च बिनाको इसाईत्व खोज्नु बाइबलको सत्य विपरित हो। कतिपयले संगठित धर्मको बिरोधमा गुनासो पनि व्यक्त गर्दछन्। त्यसको अर्थ के असंगठित धर्म उचित छ त? चर्च अत्यन्त महत्त्वपूर्ण थलो हो भनेर बाइबलले स्पष्ट रूपमा सिकाउँदछ। आत्मिक जीवनलाई सुसंगठित पारि राख्न चर्चको विकल्प अरू छैन। मुक्तिको गुरू योजनामा चर्चको भूमिका अत्यन्त उल्लेखनिय हुन्छ। त्यसैकारण येशू र सैतानको बीचमा भइरहेको महान् मतभेदको संग्रामको थलो चर्च पनि भएको पाउँदा अचम्म मान्नु पर्दैन। चर्चलाई खतम गर्न सैतानले अत्यन्त भरमग्दुर प्रयास गर्दछ। परमेश्वरले तर्जुमा गर्नु भएको पापीहरूको निम्ति मुक्तिको

योजनालाई चर्चले नै प्रचारप्रसार गर्ने भएकोले नै चर्चप्रति सैतान आक्रोसित भएको पाउँछौं। चर्च भनेको “परमेश्वरको घर" हो भनेर पावलले ठोकुवा गरेर लेख्दछन्। चर्च अझ “सत्यको जग र खम्बा" हो भनेर पावलले जोडका साथ बुझाउन खोज्दछन् (१ तिमोथी ३:१५ रूपान्तरित)। चर्चको आविश्कार मानिसले गरेको होइन। पापीहरूले मुक्तिको अनुभव गरेर उहाँसँगको सम्वन्धमा पुननिर्माण होस् भन्ने उद्देष्यले परमेश्वरले नै चर्च सृजना गर्नुभएको हो।

## १. चर्चको स्वभाव वा गुणहरूः भाग १ (प्रेरित ७:३८)

मानौं हामीले कुनै वस्तुको गुण वा स्वभावको बारेमा चर्चा गरौं रे। अनि त्यस वस्तु कसरी आए, किन आए र कसरी चल्दछ भनेर हामी चासो राख्दछौं। त्यहि उद्देष्यलाई मध्यनजरमा राखेर बाइबलमा धेरै शव्दचित्रहरूद्वारा चर्चको बारेमा बुझाउन खोजिएको पाइन्छ। तर समुच्च रूपमा बाइबलले चर्चलाई विशेष शव्दद्वारा सम्वोधन गरिएको छ। त्यो शव्द हो इक्लिशिया **ecclesia** जसको अर्थ हो “बाहिर निस्किन आह्वान गरेको" वा “बाहिर निकालिएको।" ग्रीक वा युनानी सभ्यताको संसारमा सार्वजनिक स्थलमा जम्मा हुन मानिसहरूलाई घरबाट बाहिर निस्किन बोलाउने आवाजलाई वाख्या गर्न इक्लिशिया शव्द प्रयोग गर्दथे। नयाँ करारमा त्यहि शव्द झण्डै त्यहि प्रयोजन अर्थात् मानिसहरूलाई बाहिर निस्कन आह्वान गरेको बताउन प्रयोग गरिन्छ।

ग्रीक भाषामा अनुवाद गरिएको पुरानो करारलाई सेप्टजिन्ट भनिन्छ। त्यसमा परमेश्वरको आराधना गर्न वा धार्मिक क्रियाकलापमा भाग लिन जम्मा भएका इस्रायलीहरूलाई “कंग्रिगेशन वा आराधना समूह (चर्च समूह)" भनेर सम्वोधन गरिएको छ। त्यस समूहलाई इक्लिशिया भनेर प्रायजसो उल्लेख गरिएको छ।

परमेश्वरको विशेष जन हुन यहूदीहरूलाई अलग हुन बोलाइएको थियो। प्रारम्भिक चर्चमा पनि यहूदी र गैर यहूदीहरूलाई परमेश्वरको अनुग्रह पाउन तिनीहरूको समाजबाट बाहिर बोलाइएका थिए। ख्रीष्टको गवाही हुन तिनीहरूलाई अलग गरिएको थियो। नयाँ करारमा चर्च वा इक्लिशियाको अर्थ येशूमा निष्ठावान भएर बस्ने समूहलाई सम्वोधन गर्दछ जुन् कुनै भौगोलिक सिमानामा सिमित नराखी संसारको सबै ठाउँहरूमा

**जम्मा हुन्छन्। तर सार्वजनिस स्थलमा सेवाआराधना गर्ने भवनलाई इक्लिशिया ecclesia भनेर कहिलै पनि सम्वोधन गरेको पाइन्दैन। “सिनिगग वा यहूदीहरूको सभा घर वा आराधना स्थल"को अर्थ त्यस ठाउँ हो जहाँ मानिसहरू विशेष कामको निम्ति भेला हुन्छन्। तर इसाईहरूले “सभाघर" भनेर सम्वोधन नगरि आराधना स्थललाई इक्लिशिया भनेर सम्वोधन गरिएको थियो। जे भएतापनि पुरानो करारमा प्रयोग गरिएको इस्रायलीहरूको “आराधना गर्ने जमात वा समूह"लाई येशूका चेलाहरूले नयाँ नियममा चर्च भनेर सम्वोधन गरेका थिए (प्रेरित ७:३८)।**

परमेश्वरले बोलाउनुभएर अलग गरिएको समूहलाई इक्लिशिया ecclesia भनिन्छ। पावलले त्यसलाई तिन तहमा प्रयोग गरेका थिएः (१) मानिसहरूको घरमा भएको चर्च (रोमी १६:५, १ कोरन्थी १६:१९), (३) कुनै शहरमा भएका चर्च (१ कोरन्थी १:२, गलाती १:२) र (३) ठूलो भौगोलिक क्षेत्रमा भएका चर्च (प्रेरित ९:३१)। पावलले वाख्या गरेका चर्चको बारेमा तपाईं के भन्नु हुन्छ?

**जब येशूभक्तहरू उहाँको बारेमा गुणगाण गाएर सत्ससँगमा जम्मा हुन्छन् त्यस समूहलाई इक्लिशीया भनेर कहलाइन्छ। यसको अर्थ साना साना झुण्डहरू केवल बृहत चर्चको एक भागमात्र हुन पुग्दैन। प्रत्येक सानातिना झुण्डले बृहत चर्चको प्रतिनिधित्व गर्दछ। त्यसले गर्दा सारा संसारभरिका चर्च एकै हुन पुग्दछ। फेरि त्यसै वखत साना साना झुण्डहरू पनि चर्च समूह भनेर सम्वोधन गर्दछन्।**

परमेश्वरको सम्पूर्ण वा वृहत चर्चलाई प्रतिनिधित्व गर्ने तपाईंको स्थानिय चर्चको बारेमा सोच्नुहोस्। चर्चको अङ्गको एक भाग भएर तपाईंको जिम्मेवारलाई कसरी निभाउनु हुन्छ? स्थानिय चर्चमा तपाईं अलगिएको व्यक्ति नठानी येशूलाई विश्वास गरेको हैशियतले तपाईं पनि एक अङ्ग हुन् भन्ने आभास तपाईंले कसरी पाउने?

## २, चर्चको स्वभाव वा गुणहरूः भाग १ (ब्यवस्था १४:२)

**येशूको नाउँमा सतसङ्ग गर्नेहरूको समूहलाई एक्लिसिया भनेर सम्वोधन गरिन्छ भनेर हामीले माथि हेऱ्यौं। धेरै शव्दचित्रहरूद्वारा चर्चको चरित्र अर्थात् स्वभाव र कामलाई नयाँ करारमा वाख्या गरेकाछन्। यस**

अंशमा चर्चलाई वाख्या गर्ने केवल दुई महत्त्वपूर्ण शव्दचित्रलाई हामी हेर्नेछौंः चर्च भनेको परमेश्वरका जनहरू हुन् र चर्च भनेको ख्रीष्टको शरीर हुन्।

क. बाइबलमा परमेश्वरका जन भनेर इस्रायलीहरूलाई सम्वोधन गरेको पाइन्छ। व्यवस्था १४:२मा इस्रायलीहरूलाई "पवित्र राष्ट्र" भनेर किटान गरेको छ। पत्रुसले त्यहि शव्दचित्रलाई इसाईहरूको समूहलाई प्रयोग गर्दछन् (१ पत्रुस २:९)। वर्तमान परिप्रेक्ष्यमा हामी विश्वासीहरूलाई "पवित्र राष्ट्र" भनेर सम्वोधन गरेकोलाई हामीले कसरी स्विकार्ने?

**इसाईहरूलाई परमेश्वरका "जन" भनेर कहलाइएको अवधारणालाई ख्याल गर्नुहोस्। फेरि इस्रायली राष्ट्रलाई पनि परमेश्वरका जन भनेर सम्वोधन गरिएको थियो (लूका १:६८, रोमी ११:१,२)। नयाँ करारमा सुरूदेखि अन्तसम्म स्पष्टरूपमा चर्चलाई परमेश्वरको जन भनेर सम्वोधन गरिएको पाइन्छ। (हेर्नुहोस् गलाती ३:२९)।**

ख. चर्चलाई ख्रीष्टको शरीर भन्ने शव्दचित्र रोमी १२:५, १ कोरन्थी १२:२७ र एफिसी १:२२,२३मा "ख्रीष्टको देह" भनेर सम्वोधन गरिएको छ। चर्चको चरित्र वा स्वभावलाई बुझाउन प्रयोग गरिएको ती पदहरूले हामीलाई के सन्देश दिँदछ?

**ती पदहरूमा चर्चको बारेमा धेरै तर्कहरू प्रस्तुत गरेकाछन्। तर सवभन्दा उल्लेखनीय र स्पष्ट तर्क त चर्चमा हुनुपर्ने एकता हो। प्रभु येशूलाई केन्द्रविन्दु बनाएर विश्वासीहरूमा एकमत हुनु चर्चको मूल चरित्र हो। विशेष गरेर १ कोरन्थी १२मा यस अवधारणालाई प्रस्तुत गरेको छ। यहाँ चर्चको बारेमा पावलले आफ्नो स्पष्ट धारणा यसरी प्रस्तुत गरेकाछन्: "शरीर एक हो। तर त्यस शरीरमा धेरै अङ्गहरू छन्। शरीरमा धेरै अङ्गहरू भएतापनि, ती छुट्टिएर नबसेको हुनाले विभिन्न अङ्गहरू सम्पूर्ण शरीरको भागहरू हुन्। ख्रीष्टको विषयमा पनि त्यहि हो। हामी सबै विश्वासीहरू पवित्र आत्माद्वारा बप्तिस्मा लिएकाछौं र ख्रीष्टको देह हुन पुगेकाछौं। चाहे हामी यहूदी वा अन्यजाती, मालिक वा स्वतन्त्र (अर्थात् मिशनमा काम गर्ने कर्मचारी वा मिशनबाट स्वतन्त्र भएर अलग काम**

गर्ने कर्मचारी-अनुवादकको जिज्ञासा) हामी सबै जना ख्रीष्टका एकै शरीर हौं। जीवनको पानी पिउन त्यहि एउटै आत्मा हामीलाई दिइएको छ। कुनै पनि शरीर एक अङ्गलेमात्र बनिएको हुँदैन। खुट्टाले 'म हात होइन। त्यसकारण म शरीरको भाग होइन' भन्यो भने के होला? त्यसै गरि कानले 'म आँखा होइन। त्यसकारण शरीरसँग मेरो केहि सरोकार छैन' भन्यो भने के होला? हाम्रो शरीरमा भएका विभिन्न अङ्हरू सारा शरीरका भाग हुन्। यदि सारा शरीर आँखै आँखाले भरियो भने कस्ले सुन्छ होला? यदि सारा शरीर कानै कान भएको भए कसले सुँघ्छ?" (१ कोरन्थी १२:१२-१७ रूपान्तरित)।

कोहि मानिसहरू आफ्नो शरीरमा भएका रोगसँग लड्ने तत्त्वहरूको कमजोरीले गर्दा रोगी भएका हुन्छन्। त्यत्तिमात्र नभएर त्यस तत्त्व जसले शरीरलाई रक्षा गर्नुपर्ने थियो त्यसले शरीरलाई नै आक्रमण गर्न सक्दछन्। यस सन्दर्भमा चर्च भनेको ख्रीष्टको देह हो भनेर शरीरसँग तुलना गरिएको कुरामा सोच्नहोस्। शरीररूपीचर्चमा भएका व्यक्तिले अर्को व्यक्तिसँग आक्रमण गर्दा त्यस शरीरलाई के हुन्छ होला? त्यसरी आक्रमण गरिन्दा निको पार्ने औषधी केवल एक मात्र के होला?

## ३. चर्चको लक्ष्य वा मीशन (मत्ती २८:१९,२०)

यथार्थमा चर्च कुनै संघसंस्था नभएर येशूको देह हो भनेर बाइबलले पुष्टि गरेको छ। त्यसको अर्थ होः येशू यस संसारमा शरीरमै हुनुहुन्छ। उहाँका विश्वासीहरू त्यो शरीर हो। यस संसारमा येशूको उपस्थिति निरन्तरूपमा छ भनेर उहाँका विश्वासीहरूको आपसी आचरणले देखाउँदछ। उहाँले जे गर्नुहुनेछ उहाँका भक्तहरूले त्यहि गर्नेछन्। येशूभक्तहरूको सतसंङ्गलाई चर्च भनेर नामाङ्करण गरेर तिनीहरूलाई अलग हुन परमेश्वरले आह्वान गर्नुहुन्छ। चर्चको केवल मीशन वा लक्ष्यमात्र हुँदैन, बरू चर्च आफै मीशन वा लक्ष्य हो।

मत्ती २८:१९,२०मा येशूले आफ्ना एघार जना चेलाहरूलाई यो निर्देशन दिनुहुन्छः जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ। पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ। मैले तिमीहरूलाई सिकाएका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ।

हेर, युगको अन्तसम्म म तिमीहरूको साथमा छु।" (यूहन्ना १७:२० चेलाहरूको प्रचारको प्रभावले येशूका अनुयायी बनेकाहरूको निम्ति पनि उहाँले प्रार्थना गर्नुभएको थियो, अर्थात् तपाईं र मेरो निम्ति पनि।– अनुवादकको टिप्पणी)। येशूको निर्देशनले चर्चको लक्ष्य के हो भनेर देखाउँदछ?

**परमेश्वरको निम्ति बोल्ने मानिसहरू जम्मा गरेर संसारमा पठाउने नै चर्चको मूल लक्ष्य हो। परमेश्वर आफैले इस्राायलीहरूको सामु अगमवक्ता उहाँका प्रवक्ताहरू पठाएर त्यो काम सम्पन्न गर्नुभएको थियो (यर्मिया ७:२५)। येशूले पनि चेलाहरूलाई गाउँघर शहरमा आफ्नो बारेमा सन्देश दिन पठाउनु भएको थियो (लूका ९:१,२, लूका १०:१,९)। जसरी परमेश्वर पिताले येशूलाई यस संसारमा पठाउनुभयो त्यसरी नै उहाँले आफ्ना चेलाहरूलाई यस संसारमा पठाउनुभएको थियो (यूहन्ना २०:११)। आज पनि यस संसारमा उहाँको सन्देश सुनाउने जिम्मेवारी येशूको चर्चको काँधमाथि पुरानै निर्देशनअनुसार आएको छ। येशूको सन्देश वा सुसमाचार सुनाउनु प्रत्येक विश्वासीको धर्म वा कर्तव्य हो।**

त्यहि सन्दर्भमा विश्वासीहरूको सतसंङ्ग संस्थागत बनेका चर्चको लक्ष्य के हो भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँदछ, हेर्नुहोस्: एफिसी ४:११-१३, याकूब १:२७, एफिसी १:६ र पत्रुस २:९?

**सुसमाचार प्रचारप्रसार गर्ने अत्यन्त महत्त्वपूर्ण लक्ष्य वा काम येशूका भक्तहरू वा तिनीहरू मिलेर समूहगत भएर संस्थागत बनिएका चर्चको हो। परमेश्वरको सत्यरूपमा आराधनाको विकास गर्ने चर्चको मूल लक्ष्य हो। त्यसको साथै विश्वासीहरूलाई हौशला दिएर तिनीहरूको समाज गठन गरेर एक आपसमा तेवा दिनु चर्चको काम हो।**

**चर्चले धेरै चुनौतिहरूको सामना गर्नपर्दछ। तर ती सबै चुनौतिहरूमा यस संसारमा आफ्नो लक्ष्य के हो, त्यसको बारेमा बुझेर संतुलन गरिराख्ने काम नै चर्चको अत्यन्त कठिन काम हो। सामाजिक सेवा र परोपकारिय काम गर्दै सामाजिक समस्याहरूको समाधान गर्दै चर्च व्यस्त रहन सक्दछ। मानिसहरूको आवश्यकताको पुर्ती गर्ने काममा चर्च चिन्तित हुन सक्दछ। निसंहदेह मानिसहरूको खाँचोमा ध्यान दिनु**

चर्चको महत्त्वपूर्ण काम हो। तर चर्चको अत्यन्त महत्त्वपूर्ण लक्ष्य वा मीशन के हो भनेर हामीले कहिलै पनि विर्सनु हुन्न। त्यो हो, येशूलाई विश्वासी नगरि पापको भूमरीमा परेकाहरूलाई सुसमाचार सुनाउनु र उहाँको दोस्रो आगमनको निम्ति विश्वासीहरूलाई तयार पार्नु। फेरि त्यस समयमा दैनिक जीवनका आधारभूत आवश्यकता वा कर्तव्यलाई पनि वेवास्ता गर्नुहुन्न। येशूको बारेमा पाउनुपर्ने आत्मज्ञान र भौतिक संरचनालाई संतुलन राख्न हामीलाई परमेश्वरको बुद्धिज्ञानको आवश्यकता पर्दछ।

चर्चको क्रियाकलाप वा लक्ष्यमा तपाईं कत्तिको संलघ्न हुनुभएको छ? अहिले चर्चको निम्ति जुन काम तपाईं गरिरहनुभएको छ त्यो भन्दा वढ्ता तपाईं कसरी समावेश हुनसक्नुहुन्छ? चर्चले आह्वान गरेको क्रियाकलापमा संलघ्न हुँदा तपाईंको आफ्नै आत्मिक जीवन किन सम्पन्न हुन सक्दछ?

## ४. चर्चमा हुनुपर्ने एकता (यूहन्ना १७:२१,२२)

"परमेश्वरबाट बोलाइएको", "परमेश्वरको जन", "ख्रीष्टको देह" र "पवित्र आत्माको मन्दिर वा वासस्थान" भनेर चर्चलाई नयाँ करारमा विभिन्न नामले नामाङ्करण गरिएको छ। चर्चको लक्ष्य वा मीशनलाई वाख्या गर्न ती नामहरू दिएका हुन्। चर्चले गर्ने वा गर्नुपर्ने सेवाकार्यलाई स्पष्ट पार्न नै चर्चलाई विभिन्न नाउँले सम्वोधन गरिएका हो। चर्चको लक्ष्य पूरा गर्न एकताको अति आवश्यक हुन्छ। यदि चर्चका विश्वासीहरू एकजुट भएर काम गरेन भने चर्चको लक्ष्य असफल हुन्छ (चर्चमा दाग पनि लाग्न सक्दछ)। विश्वासीहरू एक होउन् भन्ने विषयलाई येशूले आफ्नो अन्तिम समयमा जोड गर्नुभएको गर्नुभएको थियो (यूहन्ना १७:२१,२२)। चर्चको लक्ष्यलाई मध्य नजरमा राख्दा विश्वासीहरूप्रति उहाँको मनमा भएको कुरालाई स्पष्ट पारिन्दा हामी अचम्म मान्नु पर्दैन।

चर्चमा एकता होस् भनेर येशूले परमेश्वर पितासँग प्रार्थना गर्नुभएको थियो भनेर यूहन्ना १७:२१,२२ले देखाउँदछ। पारस्परिक एकता होस् भनेर रोमी १५:५ पावलले विश्वासीहरूलाई सम्वोधन गरेका थिए। उपरोक्त पदहरूमा दिइएका एकताको आत्मज्ञानलाई हामीले कसरी बुझ्ने? विश्वासीहरू एकजुट हुनुपर्छ भन्ने भावनाको अर्थ के हो?

चर्च भित्र एकता होस् भनेर ख्रीष्टले प्रार्थना गर्नुभएको थियो। त्यहि भावना विश्वासीहरूबीच होस् भनेर पावलले पनि सम्वोधन गरेका थिए। एक आपसको भावनाप्रति संवेदनशील हुनु, बैचारिक एकमतता हुनु, परमेश्वरको काममा एकजुट भएर जुट्नु जस्ता गुणहरू एकतामा हुन्छन्। मानव गुणमा ती हुनु त्यत्ति संभव हुन सक्दैन। तर त्यो विश्वासीहरूमा रहेर येशूले दिनुहुने बरदान हो (यूहन्ना १७:२२,२३)। परमेश्वर पिताको शक्तिले विश्वासीहरू बीच एकता कायम हुन सक्दछ (यूहन्ना १७:११)

१ कोरन्थी १:१० र २ कोरन्थी १३:११मा विश्वासीहरूबीच सहमत होस्, एक आपसमा फूट नहोस्, एकै मनका र एकै बिचारका होस् भनेर पावलले हार्दिक इच्छा प्रकट गरेका थिए। उनको त्यस आह्वानलाई हामीहरूले कसरी स्विकार गर्ने?

हामी कोहि पनि एक आपसको प्रतिलिपी होइनौं। हामीहरू भिन्ना भिन्नै मानिसहरू हौं। हामीहरूका व्यक्तित्व फरक फरक छन्। प्रत्येकको दृष्टिकोण फरक फरक हुन्छ। धेरै कुराहरू हामी सबैले एकैनासले हेर्दैनौं। एउटै कुरालाई विभिन्न तरिकाले हेर्ने भएकोले हामीहरूको एकतामा समस्या खडा हुनुसक्दछ। असहमत र समहमतको बिचमा भिढन्त हुनसक्दछ। चर्चको सबै तहमा तनाव र अमिल्दो बातावरण हुनु स्वभाविकै मान्नु पर्दछ। भाऊ खोज्ने र भाऊ नखोज्नेको बिचमा हुने संघर्ष पन्छाउन साऱ्हो हुनसक्छ। तर व्यक्तिगत स्वार्थलाई पन्छाउँदै चर्चकव समग्र हितको निम्ति सबै नरम हुनुपर्छ। परमेश्वरलाई सर्वपरी राखेर एकजुट भएर काम गर्नुपर्दछ। अहँकारिता, स्वार्थपना र लिँढे ढिपीले चर्चलाई तहसनहस पार्दछ। हामी सबै जना सतप्रतिसत ठिक छ भनेर दावी गर्न सक्दैनौं। हामी अल्पज्ञानमै अलमलिरहेकोले सबै थोक सिद्धरूपले हेर्न सक्दैनौं न त बुझ्न नै सक्दछौं। अरूको असहमत नै हाम्रो दैनिक क्रुस हुनसक्दछ। हामी सबैले आफ्नै क्रुस दिनदिनै बोक्न सक्नुपर्दछ। दिनदिनै उव्जने हामीहरूको अहँता, स्वार्थ, व्यक्तिगत चासोलाई दिनदिनै मृत्युशैयामा राख्नुपर्दछ। दिनदिनै हाम्रो हितमात्र होइन सबैको हित र समग्र चर्चको हितलाई केन्द्रिविन्दु बनाएर सार्थक जीवन अपनाउनुपर्दछ। यदी त्यस आत्मज्ञानमा परिपक्व भयौं भने हामीहरूले सामना गर्ने धेरै समस्याहरू बिलाएर जान सक्दछन्।

संक्षेपमा भन्ने हो भने एकताको गुण प्रत्येक येशूभक्तमा निहित भएको छ। हामीबाटै एकताको जरा सुरू हुन्छ। इसाई भनेर दावी गर्दैमा इसाई समाजमा एकता हुनुपर्छ भन्ने छैन। तर येशूको निम्ति बलिदान जीवन बिताउन सक्षम् हुनसक्यौं भने चर्चमा अद्भूतपूर्ण एकता हुनसक्दछ। आफू होइन अरू माथि आओस् भन्ने भावनाले अभिप्रेरित भएर चल्नु भनेकै येशूमा समर्पण र बफादारिताको जीवन बिताउनु हो।

## ५. चर्चको व्यवस्थापन वा शासकिय पद्धती (प्रेरित १५:१-२९)

कुनै पनि संघ, संस्था वा देशै पनि व्यवस्थित ढङ्गले चल्न सुशासनको आवश्यकता पर्दछ। सामान्य सामाजिक जीवनमा होस् वा चर्च नै किन नहोस्, अवव्यस्थित ढङ्गले चल्दा अन्यौलता हुन्छ। सुशासनको अर्थ कुनै पनि संस्थालाई व्यवस्थित पार्नु हो। नियम कानून बनाएर चल्दा काम सुचारूरूपमा चल्न सक्छ। एक आपसमा समन्वय गरेर चल्न सक्छ। चर्चका विभिन्न पदाधिकारी र समूहहरूको बीच तालमेल हुनसक्छ। संस्था संचालन गर्न अगुवाहरूको भूमिका उल्लेखनीय हुन्छ। चर्चको सर्वोपरी हित अनुसार चल्ने अधिकार कस्को हुन्छ र? क्रियाकलाप संचालन गर्न कसले खटाउन सक्दछ र? ती विभिन्न प्रश्नहरूको जवाफले गर्दा चर्चमा विभिन्न खालका व्यवस्थापन उब्जाएको हुन्छ।

सेभेन्थ एडभेन्टिस्ट चर्चको संचालन प्रणाली अत्यन्त राम्रो छ। चर्चका अगुवाहरू चर्चका प्रतिनिधि भएर काम गर्दछन्। चर्चका भक्तहरूबाट तिनीहरूले काम गर्न अख्तियार र जिम्मेवारी पाएका हुन्छन्। तर बाइबलको आधारमा चर्च संचालन प्रणाली चलेको छ भन्नमात्र पुग्दैन। बाइबलको शिक्षादिक्षाप्रति चर्चका अगुवाहरू र चर्च संचालन गर्न अधिकार पाएका व्यक्तिहरू संवेदनशील हुनुपर्दछ।

प्रेरित १५:१—२९ पढ्नुहोस्। चर्च सुव्यवस्थित रूपले संचालन गर्न ती पदहरूमा भएका केहि महत्त्वपूर्ण निर्देशनहरूलाई हामीले पनि कसरी अपनाउन सक्दछौं?

चर्च सुचारूरूपले कसरी संचालन गर्न सक्दछौं भनेर ती पदहरूबाट धेरै कुराहरू सिक्न सक्दछौं। तर एउटा बुँदामा हामी स्पष्ट हुनुपर्दछः सुसमाचार प्रचारप्रसार गर्नु  चर्च संचालन गर्न खटिएका वा

व्यवस्थित गरिएका संस्थाको लक्ष्य हुनुपर्दछ। चर्चको लक्ष्य पूरा गर्न र प्रचारप्रसार गर्न चर्चको सुशासनमा भरपर्दछ भनेर बाइबलले सिकाएको छ। व्यवस्थित ढँगले चर्च संचालन गरिको द्रुतगतिमा अगाढि बढ्न सक्छ।

चर्च र अभिषेक वा चुनिएका अगुवाहरूद्वारा ख्रीष्टले आफ्नो अधिकार प्रयोग गर्नुहुन्छ। सुव्यवस्थित ढँगले चर्च संचालन गर्न येशूले चेलाहरूलाई सुम्पिनु भएको छ तर चर्चका विश्वासीहरूप्रति आधिपत्य जनाउने अधिकार चर्चका अगुवाहरूलाई सुम्पिएको छैन भन्ने कुरामा हामी सबै जना प्रष्ट हुनुपर्दछ। चर्चको मूख्य व्यक्ति उहाँमात्र हुनुहुन्छ (एफिसी १:२२)। चर्चको केन्द्रविन्दु चर्चको कुनै अगुवाहरू होइन तर येशू हुनुहुन्छ। ख्रीष्ट र उहाँका वचनहरूप्रति आफ्नो कुनै अधिकार नभएको प्रारम्भिक चर्चका अगुवाहरूलाई महशूस भएको थियो। “पवित्र आत्माले के असल देखेका थिए" त्यहि अनुसार चल्न चर्चका झुण्डले महत्त्वपूर्ण ठानेका थिए भनेर प्रेरित १५:२८मा उल्लेख गरिएको छ। पवित्र आत्मा नै ख्रीष्टको सत प्रतिनिधि हुनुहुन्छ भनेर पहिलेका चर्चका अगुवाहरूले स्विकार गरेका थिए। हालमा पनि चर्चका अगुवाहरूले त्यो भन्दा फरक किसिमले चल्ने अधिकार छैन।

मत्ती २०:२०-२८ र मत्ती २३:८ पढ्नुहोस्। चर्चको सबै तह संचालन गर्न चर्चका अगुवाहरूको मनस्थिति कस्तो हुनुपर्दछ भनेर ती पदहरूले देखाउँदछ?

अरूको सेवा गर्न तपाईं कत्तिको इच्छुक हुनुहुन्छ? चर्चको निम्ति तपाईं के गरिरहनुभएको छ सो गहिरिएर आत्मआलोचना गर्नुहोस्? तपाईं कुन मनस्थितिले चर्चको क्रियाकलापमा समावेश हुनुभएको छ? बाइबलले देखाएको निर्देशन अनुसार चल्न तपाईं कसरी सक्षम् हुनसक्नुहुन्छ? तपाईंको नियतलाई बाइबल सम्मत कसरी बनाउने?

## उपसंहारः

यस विषयमा यी सामग्रीहरू उपलव्ध भए पढ्नुहोस्ः *हान्डबुक अभ सेभेन्थ-डे एडभेन्टिस्ट थियोलोजी*का सम्पादक रावल डिडरनद्वारा लिखित पृ. ५३८-५८१को उहाँको लेख “द चर्च", एलेन जी ह्वाइटको *टेस्टिमोनिज टु मिनिस्टरस् एण्ड गस्पल वर्कर्स*को पृ. ३६१-३६४को

“दाउ श्याल्ट हाभ नो अदर गडस बिफोर मी" र *टेस्टिमोनिज फर द चर्च,* ठेली ५को पृ. ४५५-४६७को “द चर्च द लाइट अभ द वर्लड्।"

“मानौं कुनै मानिसले आफूसँग भएको धेरै अधिकार प्रयोग गरेर विश्वासी दाजुभाई दिदि वहिनीहरूलाई नियन्त्रण गर्न खोजे रे? मानौं चर्चमा आधिपत्य जमाउने शक्ति चर्चका पदाधिकारीहरूले उसलाई सुम्पिएको हुनाले उसले मनोमानी गरेर आफ्नो भाउ देखाउन खोजे रे? यस्तो मनस्थिति बोकेका अगुवालाई त्यस पदबाट हटाउनु अत्यन्त उचित हुन्छ। त्यो उसैको सुरक्षाको लागि हो, किनकि त्यो व्यक्ति अख्तियार पाएर मात्तियो भने उसले अनन्त जीवन गुमाउन सक्दछ। त्यसकारण उसलाई हटाउँदा कुनै हानी हुँदैन। उसको चर्तिकलाले गर्दा अरू विश्वासीहरूको विश्वास जोखिममा नपरोस् भनेर नै त्यो कदम चाल्नु पर्दछ।......चर्चको अगुवा भएर परमेश्वरको जनहरूमाथि शासन गर्ने चाहनाले नकारात्मक परिणाम निक्लन सक्दछ। कुनै पनि मानिस चाहे चर्चको ठूलो अगुवा होस् वा साधारण सदस्य होस्, परमेश्वरको दृष्टिमा अलिकती पनि फरक हुँदैन। त्यस व्यक्तिमा भएको चरित्र वा नियत नै परमेश्वरको सामु अत्यन्त महत्त्वपूर्ण तत्व हो।"एलेन जी ह्वाइट, *टेस्टिमोनिज टु मिनिस्टर्स एण्ड गस्पल वर्कर्स,* पृ. ३६२बाट रूपान्तरित।

“निराशा वा मृत्युको पासोमा परिरहेका पापीहरूलाई उद्धार गर्ने काम ख्रीष्टको चर्चको लक्ष्य वा धर्म हो। उनको काम भनेकै मानिसहरूलाई परमेश्वरको प्रेम प्रकट गर्नु हो र प्रेमैबाट ख्रीष्टतिर तिनीहरूको मन फर्काउनु हो। संसारका अन्धकार कुनाकाप्चाहरूमा सत्य फैलाउनु यस समयको माग हो। तर याद गर्नुहोस्, त्यो काम घरबाट नै सुरू हुन सक्दछ।"- एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ३, पृ.३८१।

**चिन्तनमनन:**

अ. जुनसुकै चर्च चाहे हाम्रै चर्चमा किन नहोस् विभिन्न समस्याहरूको सामना गरिरहनु परेको कुरालाई कसैले आँखा चिम्लिएर बसेको हुँदैन। यस सन्दर्भमा येशूले एक सानो अर्तीकथा भन्नुभएको थियोः ‘परमेश्वरको राज्य त्यस मानिस जस्तो हो जसले आफ्नो खेतमा गहुँका

असल बिऊहरू रोपे। जस सबै जना सुतिरहेका थिए तब उसका शत्रुहरू आएर त्यस खेतमा घाँसहरू रोपेर भागे।' (मत्ती १३:२४,२५ रूपान्तरित। बाँकि कथा आफैले पढ्नुहोस्। येशूले सिकाउनुभएको अर्तीकथालाई हाम्रो चर्चमा कसरी उपयोग गर्ने? चर्चमा समस्या खडा गर्नेहरूसँग कसरी कारोबार गर्ने? त्यसको अर्थ त्यस्तो व्यक्तिलाई चर्चबाट हटाउन सक्दैन र? यस सन्दर्भमा देहायका पदहरू पढ्नुहोस्ः तितस ३:१०,११ र रोमी १६:१७।

आ. "हाम्रो चर्च शुद्ध छैन, मानिसहरू ठिक छैन वा त्यसका विश्वासी वा अगुवाहरू पाखण्डि वा मुकुण्डो लगाउँछन् त्यसकारण त्यसमा सम्मिलित हुनु वा त्यससँग आराधना गर्नु ठिक छैन बरू घरमा बसैरे एक्लै बाइबल पढेर परमेश्वरको आराधना गर्छु भनेर अरूभन्दा आफू धर्मी छु" भन्ने मनस्थिति बोकेका विश्वासीहरूलाई कसरी सम्झाउने?

इ. "परमेश्वरको सबै भक्तहरू पूजारीहरू हुन्" भन्ने धारणालाई हाम्रो चर्चले पूर्ण समर्थन गर्दछ। तर त्यसको अर्थ के हो त? त्यसले हामीलाई कस्तो जिम्मेवारी बोकाइ दिन्छ?

ई. चर्चको एकतामा खलल ल्याउने तत्वहरूको बारेमा चिन्तन गर्नुहोस्। विगत वा वर्तमान परिप्रेक्ष्यमा नै चर्चलाई टुक्राउने तत्वहरू के हुन्? विशेष गरेर विगतको अनुभवद्वारा भविष्यमा त्यो नदोहरियोस् भनेर हामीले पाठ कसरी सिक्ने?